## घरपझोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको १० औं बैठकको निर्णयहरू
## मिति २०७९।८।१९

**निर्णय नं. १ :-**

मिति २०७९।७।२२गते बसेको कार्यपालिकाको आठौं बैठकमा भएको निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

यस घरपझोङ गाउँपालिका र Nepal Lift Pvt. Ltd. खसिबजार, काठमाण्डौ बीच यस गाउँपालिकाको नयाँ निर्माणाधिन प्रशासकीय भवनमा Lift निर्माण गर्नका लागि मिति २०७९।७।३० गते सम्मको समयावधि राखी दुई पक्षीय सम्झौता भएकोमा सम्झौता पश्चात उक्त कम्पनीले तोकिएको समय २०७९।७।३० गते सम्म Lift निर्माण गर्ने सम्बन्धी काम अघी बढाउनका लागि कुनै मध्यमबाट यस कार्यालयमा सम्पर्क नराखेकोले उक्त कम्पनी सँगको Lif निर्माण सम्बन्धी भएको दुई पक्षीय सम्झौता तोड्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

गाउँपालिका राष्ट्रिय महासंघ, नेपाललाई २ बर्षको सदस्य शुल्क वापतको रु.४०,०००।- र तेश्रे राष्ट्रिय महाधिवेशन शुल्क रु.१०,०००।- गरी जम्मा रु.५०,०००।- विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न. ४ :-**

मार्फा थकाली समाज सेवा सदन, पोखराको पत्र मिति २०७९।०६।०५ गतेको पत्रबाट उक्त सेव सदनले तयार पारेको मार्फा थकाली भाषाको शब्दकोषको छपाईको लागि आर्थिक सहयोग मा गरेको हुँदा विविध खर्च शिर्षकबाट रु.१,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ :-

श्री जनकल्याण आधारभुत विद्यालय स्याङले जाडोको बिदाको समयमा स्याङ गाउँमा रहेव विद्यार्थीहरुको लागि पढाई कुना कार्यक्रम सञ्चालन गर्नको लागि आर्थिक सहयोग माग गरेव हुँदा उक्त कार्यक्रम सञ्चालनको लागि विविध खर्च शिर्षकबाट रु.२०,०००।- उपलब्ध गराउ निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

Building Energy Efficiency in Nepal ले यस धवलागिरी गाउँपालिका सँगको साझेदारीमा भवन निर्माण क्षेत्रमा उर्जा दक्षता र नविकरणीय उर्जाको प्रवर्द्धन गर्नको लागि परियोजना सञ्चालन गर्न लागि छनौट भएको हुँदा दुई पक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिका अन्तर्गतका घरधुरीहरुलाई घर नम्बर दिई व्यवस्था गर्नका लागि घर नम्बर प्लेट तयार गरी व्यवस्था गर्न रु.२,००,०००।- विविध खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

यस गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा रिक्त रहेका तपसिल बमोजिमका कर्मचारीहरुको पदपूर्तिका लागि गण्डकी प्रदेश लोक सेवा आयोगमा मांग आकृति पठाउने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | पद | सेवा/समूह | उपसमूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा सचिव (पाँचौं तह) | प्रशासन | सामान्य प्रशासन | २ | |
| २ | प्रशासन सहायक (चौथो तह) | प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | आ.ले.प. (पाँचौं तह) | प्रशासन | लेखा | १ | |
| | **जम्मा** | | | ४ | |

**निर्णय नं. ९ :-**

२०७९/६/१८ गते देखि यस जिल्ला साथै हिमाली क्षेत्रमा परेको अविरल बर्षाका साथै हिमपातका कारण तपसिलका पशुपालक व्यवसायीहरुको देहाय बमोजिमको घोडा खच्चडहरु पर्यटकहरुको भारी बोकी धौलागिरी वेसक्याम्प सम्म सामान लिएर गई फर्किने क्रममा भारी हिमपातमा परी ४५ जिउँका घोडा खच्चडहरु मरेकोले स्थलगत मुचुल्का सहित २ नं. वडा कार्यालयले सिफारिस गरी पठाएको हुँदा विपद् व्यवस्थापन कोष/आकस्मिक कोषबाट प्रति घोडा रु.२५००।- र प्रति खच्चड रु.३०००।- को दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

१) धौलागिरी वेसक्याम्पबाट फर्किने क्रममा हिमपातमा परी मरेको घोडा तथा खच्चरहरुको विवरण :-

| क्र.सं. | पशुपालक व्यवसायीको नाम, थर | मरेको घोडा संख्या | मरेको खच्चर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | माईकल परियार दमाई | ७ | २१ | |
| २ | बुद्धी बहादुर परियार दमाई | ३ | | |
| ३ | प्रकाश परियार | २ | | |
| ४ | शंकर बहादुर परियार | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | बिरे परिवार | १ | | |
| ६ | रमेश दमाई | ३ | | |
| ७ | शुक्लाल परिवार | ३ | | |
| ८ | राजेन्द्र परिवार | २ | | |
| | जम्मा | २४ | २१ | |

**निर्णय नं. १० :-**

आगामी आ.व. २०८०/८१ को लागि विशेष तथा सम्पूरक अनुदान तर्फ वडाहरुबाट तपसिलका योजनाहरु प्राथमिकताको आधारमा प्राप्त भयो ।

**तपसिल :-**

| क.सं. | योजनाको नाम | वडा/स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| क) | **१ नं. वडा (छैरो, चिमाङ)** | | | |
| १ | मार्फा–छैरो जाने बेलीबृज निर्माण | | | |
| २ | छैरो कालीगण्डकी तट्बन्ध निर्माण, छैरो । | छैरो | | |
| ३ | छैरो देखि चिमाङ गाउँ सम्मको मोटर बाटोको ढलान, रिटेनिङ वाल पानी निकासाको लागि कुलो निर्माण । | छैरो | | |
| ४ | छैरो सिंचाई कुलो निर्माण | छैरो | | |
| ५ | चिमाङ सेवीथान जाने बाटोमा रिटेनिङ वाल र रेलिङ सहितको बाटो निर्माण | चिमाङ | | |
| ६ | छैरो खेतबारीमा तारजाली निर्माण | छैरो | | |
| ७ | छैरो पक्की पुल देखी गाउँ हुदैं गुम्बा सम्म ढलान र नाला सहितको मोटर बाटो निर्माण | छैरो | | |
| ख) | **२ नं. वडा (मार्फा)** | | | |
| १ | मार्फाबाट धमाङ सम्म सञ्चालन भईरहेको कृषि सडकलाई कालोपत्र गर्ने र धमाङबाट माथि युम्पा क्याव सम्म कृषि सडक निर्माण | | | |
| २ | थालेबाट सपी सम्म जाने कृषि सडक | | | |
| ३ | श्री जनवाल मा.वि. को नयाँ भवन निर्माण ( हालको भवन जिर्ण भएको) | | | |
| ४ | सम्ते छयोलिङ गुम्बामा लामा छात्रवास निर्माण | | | |
| ५ | तारा खेल्ने कबडहल निर्माण | | | |
| ६ | फार्म खोलाको शिरदेखि कालीगण्डकी नदिको तिर सम्म तटबन्धन निर्माण | | | |
| ७ | थल्वे, भोङ, लम्बुक्य वनक्षेत्रमा कस्तुरी संरक्षण क्षेत्र निर्माण | | | |
| ८ | मार्फा खेलकुद मैदानमा भलिबल कोर्ट तथा प्याफिट निर्माण | | | |
| ९ | स्याउ पार्कमा विभिन्न संरचना निर्माण तथा पार्क विस्तार | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | विपन्न वर्गको आर्थिक स्तरोन्नतीको लागि बाख्रा पालन योजना | | | |
| ११ | स्याउ भण्डारण गर्नको लागि कोल्डस्टोर निर्माण योजना (ठुलो क्षमता भएको | | | |
| ग | ३ नं. वडा (स्याङ गाउँ र पुथाङ बजार) | | | |
| १ | जोमसोम विमानस्थल, पुथाङ बजार क्षेत्रमा भूमीगत विद्युतलाईन तथा सडकबत्ति व्यवस्थापन योजना | पुथाङ बजार | १,२०,००,०००।- | |
| २ | स्याङ गाउँको खेतबारीमा तारजाली घेराबार गरी सुरक्षा गेट निर्माण | | १,५०,००,०००।- | |
| ३ | स्याङ खोला (हुपुघ्युङ) देखि कालीगण्डकी नदी (रोडोती) हुदैं धैतीमे सम्म तट्बन्धन तथा बाढीले थुपारेको ढुङ्गामाटो व्यवस्थापन | | १,५०,००,०००।- | |
| ४ | स्याङ गाउँ देखि रजुङ बनखेत सम्म जाने कृषि सडक निर्माण | | १,५०,००,०००।- | |
| घ | ४ नं. वडा (जोमसोम बजार) | | | |
| १ | कालीगण्डकी नदी (सशस्त्र प्रहरी क्याम्प देखि काठेपुल सम्म) दायाँ बायाँ जमिन सम्म्याई खेति योग्य जमिन बनाउने योजना) | | | |
| २ | जोमसोम बजार कालीगण्डकी नदी माथि रहेको पुरातात्विक एवं पयटकिय दृष्टिले महत्वपूर्ण काठेपुल संरक्षण योजना (कालीगण्डकी नदी नियन्त्रण समेत) | | | |
| ङ | ५ नं. वडा (ठिनी, सम्ले, ढुम्बा) | | | |
| १ | स्याउ ग्राम निर्माण ठिनी (स्याउ संकलन, प्याकिङ, चिस्यान केन्द्र तथा बिक्रि केन्द्र निर्माण) | | | |

निर्णय नं. ११ :-

यस गाउँपालिकाका ५ वटै वडाहरुबाट प्राप्त भएका योजनाहरु मध्ये तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकताका आधारमा आगामी आ.ब. २०८०।८१ को लागि राष्ट्रिय योजना आयोगमा विशेष अनुदान तर्फ योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

तपसिल :-

१) मार्फा-छैरो जाने बेलीबृज निर्माण योजना

२) स्याउ ग्राम निर्माण, ठिनी (स्याउ संकलन, प्याकिङ, चिस्यान केन्द्र तथा बिक्रि केन्द्र निर्माण)

३) मार्फा~~बाट~~ धमाङ सम्म सञ्चालन भईरहेको कृषि सडकलाई स्तरोन्ती गरी कालोपत्र गर्ने र धमाङबाट माथि युम्पा क्याव सम्म कृषि सडक निर्माण (मार्फा प्वाङ पाकु खर्क कृषि सडक योजना)

४) स्याङ गाउँको खेतबारीमा तारजाली घेराबार गरी सुरक्षा गेट निर्माण

**निर्णय नं. १६ :-**

यस गाउँपालिका अन्तर्गत च्याउ खेतीको विस्तार बढ्दै गएकोले च्याउ बेट लगायत रोगहरूको पहिचान गर्दै निदान समेत गर्नु पर्ने भएको हुँदा उक्त प्राविधिक सञ्चालन गर्ने सम्बन्धमा कृषि शाखाले प्रस्ताव तयार गरी पेश गर्ने । साथै नीतिग भित्र तालिम सञ्चालन गर्नु पर्ने भएकोले कार्यपालिकाको अर्को बैठकबाट अनुमोदन कार्यालयले तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-**

राष्ट्रिय योजना आयोगबाट आ.ब. २०७६।७७ मा स्वीकृत विशेष अनुदान तर्फ जोमसोम देखि जोमसोम भिउ टावर सम्म रेलिङ सहितको सिढी निर्माण योजना योजना निर्माणको लागि यस गाउँपालिका र एपेक्स अमित जे.भी. पोखरा-४, रु.६२९९३४०६।-, (भ्याट समेत) सम्झौता भई गत आ.ब. २०७८।७९मा उक्त निर्माण रु.५५,००,०००।- बराबरको काम गरी को बिल पेश गरेको तर यस कार्यालयबाट निकासाको लागि अनुरोध गर्दा समेत संघीय अर्थ मन्त्रालयबाट रकम निकासा भुक्तानी गर्न नसकिएकोले उक्त बिल रकम भुक्तानी र रंगरोगन समेतका लागि मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई रु.६०,००,०००।- रकम निकासाका लागि अनु निर्णय गरियो ।

00000 ////////// 00000

घरपझोङ गाउँ
गाउँ कार्यपालिकाको
जोमसोम, मुस्ता
गण्डकी प्रदेश, ने